# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

कृषि मन्त्रालयका सचिव श्री अक्रूरनरसिंह राणा सरकारी कामको सिलसिलामा बैंककतर्फ प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री इन्द्रराज मिश्रलाई मिति २०४५।३।२६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

खण्ड ३६ मिति २०४३।६।१३ संख्या २५ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम नेपाल कानून सुधार आयोगको सदस्य नियुक्त हुनुभएका श्री रेवतीरमण खनालको सट्टा उक्त आयोगको सदस्य पदमा श्री ५ को सरकारको मिति २०४५।३।२९ को निर्णयानुसार मिति २०४५।४।१ देखि बाँकी अवधिको लागि विशेष जाहेरी विभाग राजदरबारका उपसचिव श्री श्रीप्रसाद पण्डितलाई नियुक्त गरिएको छ ।

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जिल्ला कार्यालय मुस्ताङका प्र.जि.अ. श्री अनन्तराज पाण्डे घर बिदामा बस्नुभएकोले सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को



१६० ५८४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।